# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, असोज २६ गते २०४३ साल ( अतिरिक्ताङ्क २७ (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०४३ साल असोज २६ गते विजया दशमीको शुभउपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. सधैं झैं बडा दशैंको रमाइलो राष्ट्रिय पर्वको यस अवसरमा स्वदेश तथा विदेशमा रहेबसेका समस्त नेपालीहरूमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ । आसुरी शक्तिमाथि दैवी शक्तिको विजय हुन्छ भन्ने हाम्रो आस्थालाई अटल पार्दै लाने यस महान चाडले हामीलाई निरन्तर न्याय र धर्मको बाटोमा अगाडि बढिरहने प्रेरणा दिइरहेको हुन्छ ।

२. आफ्ना मान्यजनसँग आशिष र टीका थापी समाजमा मर्यादा, सद्भावना र वन्धुत्वको भावना जगाई राख्ने बडा दशैंको हाम्रो आफ्नै परम्परा रही आएको छ । यस्तो संस्कृतिले हामीलाई समाजमा देखा परेका कुरीति हटाउँदै देश विकासको काममा मिलीजुली अघि-सर्न प्रेरणा दिएको हुन्छ । राष्ट्रोत्थानको निम्ति चाहिने पूर्वाधारहरू सिर्जना हुँदै गएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुराले हामीलाई एकातिर केही उत्साहित तुल्याएको छ भने अर्कोतिर बढ्दो जनसंख्याको बढ्दो आवश्यकताको अनुपातमा विकास प्रयत्नहरू अझ तीव्रतर बनाउँदै लानुपर्ने दायित्व-लाई हामी सबैले बुझ्नु परेको छ। आफ्नो र आफ्नो गाउँ-ठाउँको विकासमा आफैं सहभागी भई सिङ्गो देशको विकासमा सहयोग पुऱ्याउने अवसर अधिराज्यभरि रहेका पञ्चायतका स्थानिय निकायहरूले उपलब्ध गरिरहेका छन्। यसरी आफूले पाएको अवसरको सदुपयोगद्वारा हामी सबै नेपाली समान रूपले देश निर्माणको बाटोमा अग्रसर हुँदै जान सकौं।

३. अन्तमा प्रत्येक नेपाली स्वस्थ र जाँगरिलो भई सम्पूर्ण समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम हुने दिशामा हामी सबैलाई अगाडि बढ्न माता श्री दुर्गा भवानीबाट आशिर्वाद मिलोस् यही हाम्रो प्रार्थना छ।

श्री नवदुर्गा भवानीले हामी सबैको रक्षा गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

३६५



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।